# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित प्रथम श्रेणी,
## सहसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८२/९/७

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: Service Group – Law Related Subject

**<u>तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।</u>**

१. नेपालको संविधानले संघीय संसद, प्रदेश सभा र स्थानीय तह अन्तर्गत गाउँ तथा नगर सभालाई व्यवस्थापकीय अधिकार प्रदान गर्दै आ-आफ्नो अधिकार सूची अन्तर्गतका विषयमा कानून बनाई लागू गर्ने तथा साझा अधिकार सूचीका विषयहरूमा कानून तर्जुमा गर्दा संघ, प्रदेश र स्थानीय तहबीचका कानून एक आपसमा नबाझिने गरी तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। साथै संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बनाउँदा सर्वोच्च अदालतको संवैधानिक इजलासले गरेको व्याख्या तथा प्रतिपादित सिद्धान्तहरूलाई समेत मध्यनजर राख्नु पर्ने हुन्छ। त्यसैगरी कानून तर्जुमा गर्दा राज्य संरचना बमोजिमको अधिकार विभाजन, अदालतबाट बदर भएका कानून तथा कानून तर्जुमाबाट समाजमा पर्न सक्ने तत्कालिन र दीर्घकालीन प्रभावसमेतलाई विचार गर्नुपर्ने हुन्छ। साथै कानून तर्जुमा प्रक्रियालाई संगतिपूर्ण, सर्वस्वीकार्य र प्रभावकारी बनाउन अन्तर निकायगत समन्वयकारी संरचनाको व्यवस्था, संलग्न जनशक्तिको क्षमता विकास एवं कानून तर्जुमा सामग्री व्यवस्थापनका लागि संस्थागत स्मरण जस्ता पक्षहरूमा समेत ध्यान दिनुपर्ने हुन्छ।

कानून तर्जुमा प्रक्रिया राज्यले आत्मसात गरेका नीति रूपान्तरण तथा सरकारको जिम्मेवारी, दायित्व र जवाफदेहिता सुनिश्चित गर्ने माध्यम मानिन्छ। कानून तर्जुमाको विषय निर्धारित विधि पूरा गर्ने प्रक्रियागत उपक्रममात्र नभई संवैधानिक र कानूनी दायित्व तथा जिम्मेवारी निर्वाहको प्रक्रिया पनि हो। कानून आफैमा साध्य होइन यो सामाजिक न्याय एवं लोककल्याणकारी कार्यहरूको माध्यमबाट समतामूलक समाजको विकास गर्ने साधन पनि हो। तसर्थ अनुसन्धानमा आधारित एवं समय सान्दर्भिक तथा समाजका आवश्यकता र चाहनाहरूको सम्बोधन गर्ने गरी निर्धारित विधि, प्रक्रिया, मापदण्ड र प्रणालीमा आधारित भई कानूनको तर्जुमा गर्नुपर्ने हुन्छ। सम्बद्ध सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै तथ्य, आधार, कारण र तर्कसंगत एवं संगतिपूर्ण तथा कार्यान्वयनयोग्य कानून निर्माणको अपेक्षासमेत गरिएको हुन्छ। तर संरचनागत सक्षमता, विषयविज्ञता, भाषिक शुद्धता र प्रविधिगत सीमाका अतिरिक्त राजनीतिक हस्तक्षेप तथा स्वार्थ समूहको दवावको कारण पनि नेपालमा कानून तर्जुमा प्रक्रियामा नकरात्मक प्रभाव पर्ने गरेको चर्चा पनि हुने गर्दछ।

संघ, प्रदेश र स्थानीय तहबीच एकल तथा साझा अधिकार क्षेत्रका विषयमा कानून तर्जुमा गर्दा एक आपसमा सहयोग, समन्वय र सहकार्य अनिवार्य बनाउने कानूनी प्रबन्ध र संयन्त्रको विकास हुन सकेको छैन। तीन तहका सरकारबीच एकीकृत कानूनी डेटाबेस वा सूचना र सामग्री सहितको साझा पोर्टल तयार गरी उपलब्ध कानून, नियमावली तथा अदालतबाट प्रतिपादित सिद्धान्तमा सबैको समान पहुँच सुनिश्चित गर्न सकिएको छैन। संविधान तथा संहिता कानून लागू भएको लामो समयसम्म कतिपय विषयमा अत्यावश्यक कानूनहरू तर्जुमा हुन नसकेको भन्ने जनगुनासोसमेत रहेको पाइन्छ। अर्कोतर्फ अदालतबाट भएका आदेशहरूको कार्यान्वयन र बदर भएका सबै कानूनहरूको सूची व्यवस्थित रूपमा प्रकाशन गर्ने गरिएको छैन। साथै संघ, प्रदेश र स्थानीय तहमा कानून तर्जुमा गर्ने जनशक्तिका लागि नियमित तालिम, प्राविधिक सहयोग र क्षमता विकासका कार्यक्रम सञ्चालन हुन सकेको पनि पाइँदैन।

त्यसैगरी, कानून तर्जुमाका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्क एवं सबैका लागि उपयोगी हुने साझा मापदण्ड विकास गर्न सकिएको छैन। साथै सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा भएका समसामयिक परिवर्तन, विज्ञान र प्रविधिको क्षेत्रमा भएको विकास र जनअपेक्षाहरूको नियमित रूपमा अध्ययन गर्ने निकायहरूबीच समन्वय हुन सकेको पाइँदैन। कानून तर्जुमा गर्नु अगाडि सम्बद्ध सरोकारवालाको सहभागितामा राय सुझाब संकलन गरी आवश्यकता पहिचान गर्ने सन्दर्भमा पनि नीतिगत तथा संरचनात्मक प्रबन्धको अभाव रहेको छ। कानून तर्जुमाको क्रममा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट भएका व्याख्या र प्रतिपादित सिद्धान्त तथा राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताबीच सामाञ्जस्यता कायम गर्न स्पष्ट कार्यदेश सहितको संयन्त्र स्थापना हुन सकेको छैन। कानून तर्जुमाको आवश्यकता पहिचानका लागि विभिन्न विश्वविद्यालयहरू र स्वतन्त्र रूपमा अध्ययन अनुसन्धान गर्ने निकायहरूबीचको समन्वयको अभाव देखिन्छ। साथै अर्थबोधमा अस्पष्टता तथा गुणस्तरीयता जाँचको अभाव र वैज्ञानिक

प्रस्तुत सन्दर्भमा, अध्ययन, अनुसन्धान र औचित्यतामा आधारित भई समाजको आवश्यकता एवं विज्ञान र प्रविधिको क्षेत्रमा भएको परिवर्तन अनुरूपको निष्पक्ष, स्वच्छ, गुणस्तरीय, सर्वस्वीकार्य, प्रभावकारी, भाषागत रूपमा स्पष्ट र बोधगम्य कानून तर्जुमाका लागि संरचनात्मक स्वरूप, जनशक्तिको क्षमता विकास, पूर्वनिर्धारित निर्देशिका र मापदण्डमा आधारित कानून तर्जुमा प्रक्रियाको वैज्ञानिक पद्धति विकास तथा सम्बद्ध सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चितताका लागि अन्तरनिकायगत समन्वयकारी संयन्त्र एवं अनुसन्धानकर्ता, विषयविज्ञ र आमनागरिकको राय सुझाब लिने प्रणाली स्थापना गरी प्रचलित संविधानले सुनिश्चित गरेका मौलिक हक अधिकारको संरक्षण र राज्यले अवलम्बन गरेको नीति एवं अन्तर्राष्ट्रियस्तरमा सृजित दायित्व र सर्वोच्च अदालतको संवैधानिक इजलासबाट प्रतिपादित सिद्धान्त एवं जारी भएका निर्देशनात्मक आदेश अनुकूल हुने गरी कानून तर्जुमाका सैद्धान्तिक, कानूनी र व्यवहारिक पक्षहरूलाई आधार मानेर नेपालमा सहभागितामुलक कानून तर्जुमा प्रक्रियाको पद्धति विकास गर्ने सम्बन्धमा विद्यमान नीतिगत, प्रक्रियागत र संरचनात्मक समस्याहरूको पहिचान गरी ती समस्या समाधान के कसरी गर्न उपयुक्त हुन्छ ? कार्यान्वयनको खाका प्रस्तुत गर्नुहोस्। २५

२. राज्यका प्रमुख तीन अङ्गहरूमध्ये विधायिकाको मुख्य कार्य भनेको कानून निर्माण गर्नु हो। नेपालको संविधानले यही यथार्थलाई आत्मसाथ गर्दै संघीय संसद, प्रदेश सभा र स्थानीय तहमा गाउँ सभा र नगर सभालाई संविधानद्वारा निर्दिष्ट आ-आफ्नो अधिकारको सूचीसँग सम्बन्धित विषयमा कानून बनाउने अधिकार प्रदान गरेको छ।

संविधान जारी भएको एकदशक अवधि व्यतीत भइसकेको अवस्थामा पनि संघीयता कार्यान्वयन, मौलिक अधिकार, शान्ति सुरक्षा, सार्वजनिक प्रशासन तथा सेवा प्रवाह, संघीय निजामती सेवा, सम्पत्ति शुद्धीकरण, मौलिक अधिकार, NOTA (Non Of The Above) जस्ता संविधान जारी हुँदाका बखत निर्दिष्ट गरिए बमोजिमका कानूनी प्रबन्धहरू (Legal Measures) अपेक्षाकृत रूपमा पूरा नभएको कारण संघीयता कै कार्यान्वयनप्रति पनि यदाकदा प्रश्न उठने गरेको छ।

कानून निर्माण प्रक्रियामा पारदर्शिताको अभ्यास, दवाव समूहका सुझाब, विधि निर्माणसँग सम्बन्धित दक्ष एवं विज्ञको परामर्श, सरोकारवाला पक्षको सहभागिता, कानून निर्माणसँग सम्बन्धित आधारभूत सिद्धान्त (Basic Principle) र असल अभ्यास (Best Practice) अभिन्न पक्ष मानिन्छन्। कानून निर्माणको सन्दर्भमा संसदीय समिति (जसलाई Mini Parliament पनि भन्ने गरिन्छ) को भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। संसदीय व्यवस्थाको जननी मानिने संयुक्त अधिराज्य कै जस्तो नेपालको शासकीय स्वरूप पनि संसदीय नै हो। बेलायतको संसदीय अभ्यासमा विधि निर्माण प्रक्रियामा समितिको भूमिका र प्रभावकारिता उदाहरणीय मानिन्छ।

संसदीय समितिमा सांसदको भूमिका स्वतन्त्र रहने,दलीय ह्वीप (Whip) नलाग्ने, समय व्यवस्थापन, विज्ञता र दक्षताको परख, छिटो, छरितो, गहन र अनौपचारिक छलफलको मौका र अवसरको सदुपयोग गर्न सकिने हुँदा कानून निर्माण प्रक्रियामा संसदीय समितिको भूमिका अत्यन्त प्रभावकारी ठानिन्छ।

नेपालको सन्दर्भमा पनि संसदमा विषयगत, विशेष, संयुक्त जस्ता समितिहरूको व्यवस्था गरिएको पाइन्छ। संसदीय अभ्यास, प्रक्रिया र भूमिकामा निरन्तर लागिपर्नेहरूको मिहेनत, लगाव र अनुभव हेर्दा पर्याप्त संसदीय अनुभवको कमी भएको अवस्था पनि छैन। तथापि संसदको कानून निर्माण प्रक्रियाको भूमिकाको सन्दर्भमा भने संसदीय समितिको बैठक नै नबस्ने, बैठक बसे पनि गणपूरक संख्या नपुग्ने, समितिले लामो समयसम्म पनि कार्यसम्पादन नगर्ने, समितिद्वारा पारित प्रस्ताव सभा समक्ष फरक रूपमा पेश हुने, समिति स्वतन्त्र र निष्पक्ष हुन नसकेकोले संसदीय समितिको भूमिका अपेक्षाकृत गतिशील र प्रभावकारी हुन नसकेको भन्ने गरिन्छ।

उल्लिखित पृष्ठभूमिमा कानून निर्माण प्रक्रियाका सम्बन्धमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस् : ६+६+६+७=२५

(क) संसदका समितिहरूको कार्य प्रभावकारी हुन नसक्नुका कारणहरू के के हुन् ?

(ख) कानून निर्माण प्रक्रियाका के कस्ता असल अभ्यास संसदका समितिहरूका लागि सान्दर्भिक हुन सक्छन् ? विश्लेषण गर्नुहोस्।

(ग) संसदीय समितिभित्र आन्तरिकीकरण गर्नुपर्ने नैतिक आचरणहरू के के हुन् ?

(घ) संसदीय समितिको प्रभावकारिता बढाउन के कस्तो सुधार गर्नुपर्छ ? कार्यान्वयनको खाका प्रस्तुत गर्नुहोस्।

३. अहिलेको विश्व परिवेशमा राष्ट्रहरूबीचको पारस्परिक अन्तरनिर्भरता क्रमशः बढ्दै गएको छ । यसले अन्तर्राष्ट्रिय कानूनको अवधारणा, मान्यता र दायरालाई समेत फराकिलो बनाउँदै लगेको छ। नेपाल पनि विगत लामो समयदेखि नै विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय सन्धि/महासन्धि वा सम्झौताको पक्ष राष्ट्र बन्दै आएको अवस्था छ । अन्तर्राष्ट्रिय सन्धि/महासन्धि वा सम्झौताको माध्यमबाट त्यस्ता मञ्चहरूमा हुने उपस्थिती र सहभागिताले राष्ट्रको पहिचान, आर्थिक विकास र समृद्धिमा समेत योगदान पुग्ने विश्वास गरिन्छ। सोही सिलसिलामा सन् २००४, अप्रिल २३ मा नेपाल विश्व व्यापार संगठन (WTO) को समेत पक्ष राष्ट्र बन्न पुग्यो। उक्त संगठनको पक्ष बन्दा नेपालले व्यक्त गरेका प्रतिवद्धता एवं निर्धारित शर्तहरू पूरा गर्न नसकेकै कारण विश्व व्यापार संगठन अन्तर्गतको TRIPS Agreement नेपालको हकमा अझै पनि कार्यान्वयनमा आउन सकेको छैन। विश्व व्यापार संगठनको पक्ष बन्दैमा त्यसका लाभहरू स्वतः प्राप्त हुदैनन्, सोको लागि आवश्यक पर्ने सक्षमता राष्ट्रले निर्माण गर्नुपर्ने हुन्छ।

नेपालको सहभागिता रहेका सन्धि/महासन्धि वा सम्झौताहरूको संख्या अधिक रहेतापनि पक्ष राष्ट्रको हैसियतमा त्यसबाट सृजित दायित्व परिपालना र अवसरको उपयोग गर्ने विषयमा समस्या र चुनौतिहरू देखिँदै आएका छन्। खासगरी, पर्याप्त गृहकार्य विना नै सन्धि/महासन्धि वा सम्झौताको पक्ष बन्ने र कार्यान्वयनतर्फ वाञ्छित पहल नहुने कारणबाट एकातर्फ नेपालले तिनको लाभ प्राप्त गर्न सकिरहेको छैन भने अर्कोतर्फ अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको विश्वसनीयतासमेत कमजोर बन्न जाने अवस्था देखिन्छ।

प्रस्तुत पृष्ठभूमिमा देहायका प्रश्नहरूको जवाफ दिनुहोस्। ५+१०+१०=२५

(क) नेपालले बहुपक्षीय वा द्विपक्षीय सन्धि/सम्झौताको पक्ष बन्नुपूर्व गर्नुपर्ने पूर्व तयारीका मूलभुत पक्षहरू के के हुन् सक्दछन् ? बुँदागत रुपमा उल्लेख गर्नुहोस्।

(ख) अन्तर्राष्ट्रिय सन्धि/महासन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा नेपालले आत्मसात् गरेका सिद्धान्त वा मान्यताको संविधान, कानून र न्यायिक दृष्टिकोणसमेतका आधारमा विवेचना गर्दै कार्यान्वयनमा रहेका मुख्य-मुख्य चुनौतीहरूको बारेमा चर्चा गर्नुहोस्।

(ग) विश्व व्यापार संगठनको सदस्यको हैसियतमा उक्त मञ्चबाट लाभ लिनसक्ने मुख्य क्षेत्रहरूको पहिचान गर्दै संगठनबाट सृजित दायित्वको परिपालना गर्न नेपालले तत्काल चाल्नुपर्ने कदमहरूको बारेमा उल्लेख गर्नुहोस्।

४. मानव समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै पक्षको विकासका लागि गरिएको प्रयासलाई उन्नत बनाउन बौद्धिक सम्पत्ति सम्बन्धी अवधारणा विकसित भएको हो। व्यक्तिको ज्ञान, सीप, क्षमता, दक्षताको सदुपयोगबाट समाजमा पुगेको योगदानको मूल्याङ्कन गर्नका लागि समाज र सर्जकबीच सेतु निर्माण हेतु बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी अवधारणा विकास भएको हो। बौद्धिक सम्पत्ति अधिकारले समाज विकास र रुपान्तरणका विविध क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको छ।

नेपाललाई विकासशील मुलुकको स्तरमा पुऱ्याउन एकातिर ज्ञान, सीप, दक्षता अभिवृद्धि गर्दै उद्योग व्यवसायमैत्री वातावरण र रोजगारीका अवसरको सृजना गर्नुपरेको छ भने अर्कोतर्फ प्रविधि हस्तान्तरणको माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण गरी बौद्धिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यका साथ नीतिगत, कानूनी, संस्थागत र प्रकृयागत ढंगबाटै आवश्यक पहलकदमी पनि हुँदै आएको छ। बौद्धिक सम्पत्ति संरक्षण गर्ने उद्देश्यले नेपालमा सर्वप्रथम वि.सं.१९९३ सालमा नै पेटेण्ट, डिजाइन र ट्रेडमार्क सम्बन्धी कानून प्रचलनमा आएको देखिन्छ। वि.सं. २०२२ मा जारी प्रतिलिपि अधिकार ऐनले सो कानूनलाई प्रतिस्थापन गरेको र वि.सं. २०२२ को सो ऐनलाई पनि खारेज गर्दै प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ लागू भएपछि भने यसअघि विभिन्न निकायहरूबाट सम्पादन हुँदै आएका प्रतिलिपि अधिकारको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी कार्यहरू २०६१ साल देखि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट हुँदै आएको छ। नेपालको संविधानले बौद्धिक सम्पत्तिलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ। यो हकको प्रचलन, संरक्षण र सम्वर्द्धन एवं कार्यान्वयनका लागि संवैधानिक उपचारका साथै विभिन्न नीतिगत, कानूनी लगायतका संस्थागत प्रवन्धहरू पनि गरिएका छन्।

बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय गतिविधिहरूको सन्दर्भमा नेपालले सन् १९९७ मा विश्व बौद्धिक सम्पत्ति संगठन (World Intellectual Property Organization - WIPO) को सदस्यता प्राप्त गरेको, सन् २००१ मा Paris Convention for the Protection of Industrial Property, 1983 को पक्ष बनेको, सन् २००४ मा विश्व व्यापार संगठन (World Trade Organization - WTO) को सदस्यता प्राप्त गरेसँगै यसैको अभिन्न अङ्गको रुपमा रहेको व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights - TRIPS) को पक्षराष्ट्र

नेपाल भौगोलिक, वातावरणीय र प्राकृतिक रुपले विश्व मै अतुलनीय एवं अनुपम मानिन्छ । जैविक विविधताका दृष्टिले नेपाल विश्वमा नै अग्रपंक्तिको सूचीभित्र पर्दछ । ज्ञान, सीप, दक्षताका साथै प्रविधिको कमी वा अपर्याप्तता अनि समयमा नै सजगता नअपनाउनुलाई हाम्रा मुख्य सीमा वा कारकतत्वको रुपमा लिइन्छ । यस अतिरिक्त बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी विषयले विज्ञान, प्रविधि, वन, कृषि, शिक्षा, साहित्य, उद्योग, कला, संस्कृति लगायत जीवन-जगतका हरेक क्षेत्र, विषय र पहलु लगायत बृहत् र व्यापक अझ भनौं सम्पूर्ण ब्रह्माण्डसँग नै सरोकार राख्ने हुँदा विभिन्न निकाय, क्षेत्र, भूगोल, समूह, पक्षकाबीच समन्वय र सहकार्यको माग गर्दछ । यस्ता पक्ष र विषयप्रति संवेदनशीलताको कमी र पर्याप्त ध्यान नपुग्नु, कर्तव्यबोध तथा जिम्मेवारीप्रतिको उदासीनता जस्ता कारणले पनि हाम्रा कतिपय मौलिक, स्थानीय र रैथाने (Indigenous) चिज, वस्तु, सामग्री, उत्पादन, वनस्पति एवं जनावर (Flora and Fauna) माथिको अधिकार हामीले गुमाइसकेका छौं समेत भन्ने गरिन्छ । यसमा सरकारी, गैर सरकारी समुदाय तथा सर्जकसमेत चनाखो हुनुपर्ने देखिन्छ ।

उल्लिखित पृष्ठभूमिमा बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र प्रवर्द्धनको माध्यमबाट नेपाललाई सृजनशील राष्ट्रका रुपमा स्थापित गर्न, बौद्धिक सम्पत्तिका विविध विधाहरूको संरक्षण, सम्वर्द्धन र उपयोग गर्दै त्यस्ता वस्तुहरूको अधिकार कायम गरी तथा सर्जकले नेपाली समाजको आर्थिक,सामाजिक तथा सांस्कृतिक समुन्नति हासिल गर्न अहिले अनुभूत गरिएका र संभावित अवरोधहरूको पहिचान गर्दै तिनको समाधानका लागि सरकारी, गैरसरकारी समुदायले निर्वाह गर्नुपर्ने भूमिकाको विवेचना सहित आवश्यक नीतिगत एवम् कानूनी सुधारका सुझाबहरू र ती सुझाब कार्यान्वयन गर्ने अन्तरनिकाय समन्वय संयन्त्र सहितको कार्यान्वयन खाका प्रस्तुत गर्नुहोस् । २५

<<समाप्त>>